**विषयः- नमूना कानूनका सम्बन्धमा ।**

सातै प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

अभिलेखमा आधारित जग्गा प्रशासन सम्बन्धी सेवा प्रवाहलाई सहज, छरितो, पारदर्शी र विश्वसनीय बनाउनको लागि सूचना प्रविधिको माध्यमबाट यस मन्त्रालय अन्तर्गत भूमिसुधार तथा व्यवस्थापन विभागबाट मालपोत कार्यालयमा भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली Land Records Information Management System (LRIMS) विकास गरी कार्यान्वयन भइरहेको छ । उक्त प्रणालीको सुरक्षा, डाटा व्याकअफ तथा मुख्य सर्भरको लागि आवश्यक संजाल आवद्धता (नेटवर्क कनेक्टिभिटी) सम्बन्धी व्यवस्थापन तथा संचालनमा ल्याइएको प्रणाली केन्द्रीकृत भएको हुँदा सो पूर्णरुपमा कार्यान्वयनमा आएपछि जग्गा/घरजग्गा सम्बन्धी अभिलेख एकै ठाउँबाट हेर्न सकिने भएकोले संघ र प्रदेश तहले आफ्नो क्षेत्रभित्रको जग्गा प्रशासन गर्न मिल्ने किसिमले कम्प्यूटर प्रणाली संचालन गर्न उपयुक्त हुने देखिन्छ । उक्त प्रणालीको विकास तथा प्राविधिक सहयोग संघले गर्ने र प्रदेश तहले विभाग/संघबाट निर्धारित मापदण्ड बमोजिम आफ्नो क्षेत्रभित्र प्रणालीको संचालन तथा व्यवस्थापन गर्न सहज हुने देखिन्छ । जग्गा प्रशासनसँग सम्बन्धित विषयको विद्युतीय अभिलेख तयार गर्न तथा सबै मालपोत कार्यालय, भूमिसूधार कार्यालय तथा नापी कार्यालयमा अनलाइन सेवा लागू गर्न समय लाग्ने देखिंदा भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली र अभिलेखको पूर्वाधार तयार भएपछि क्रमशः प्रदेश/स्थानीय तहमा हस्तान्तरण गर्न उपयुक्त हुने देखिन्छ ।

उल्लिखित पृष्ठभूमिको आधारमा नेपाल सरकार (मं.प.) बाट मिति २०७४/१२/१४ मा स्वीकृत भएको "स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४" को दफा १७ मा जग्गा प्रशासनको काम स्थानीय तहमा हस्तान्तरण गर्दा स्थानीय तहले जग्गा प्रशासन सम्बन्धी पूर्वाधार तयार गरेपछि भूमि प्रशासन हेर्ने सम्बन्धित मन्त्रालयले जग्गा सम्बन्धी केन्द्रीय अभिलेख राखी भू-सूचना प्रणाली बमोजिम कार्य सम्पादन हुने गरी सम्पत्ति, दायित्व, जिम्मेवारी, जनशक्ति र साधन स्रोत क्रमशः हस्तान्तरण गर्नु पर्नेछ भन्ने प्रावधान उल्लेख भएको छ ।

उल्लिखित आधार समेतबाट भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीमा अभिलेख राख्ने र स्थानीय तहमा जग्गा प्रशासन सम्बन्धी सेवा संचालनको लागि आवश्यक पूर्वाधार तयार नहुँदासम्म मालपोत कार्यालय, नापी कार्यालय र भूमिसुधार कार्यालयबाट यथावत सेवा संचालन हुने भएकोले यस क्षेत्रका नमूना कानून मस्यौदा गर्ने कार्यको शुरुवात नभएकोले सोही व्यहोरा सातै प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा पठाउने भनी नेपाल सरकार (सचिवस्तर) बाट मिति २०७५/१/२७ मा भएको निर्णय बमोजिम हुन अनुरोध छ ।